# शारदा राजपत्र

## शारदा नगरपालिका द्वारा प्रकाशित

**खण्ड ८** **संख्या ३१** **मिति २०८१।०६।२०**

# भाग २

**शारदा नगरपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सर्वसाधारणको लागी प्रकाशन गरीएको छ ।**

शारदा नगरपालिका उपप्रमुख कोशेली कार्यक्रम संचालन कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०६/१५**
**प्रमाणीकरण मितिः २०८१/०६/१८**

प्रस्तावनाः

नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रुपमै प्रत्याभूत गरेकोले गुणस्तरीय स्वास्थ्य तथा पोषण प्रवद्र्धन गर्न, संस्थागत सुत्केरी सेवाको संख्या वृद्धि गर्न, नगरपालिका भित्र सुत्केरी हुने आमाहरुको स्वास्थ्य स्थितिमा सकारात्मक सुधार ल्याउन, आमा र नवशिशुलाई स्वस्थ्य राख्न, आमाहरुको उच्च सहभागिताको सुनिश्चितता गर्दै आमा तथा बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकासमा सुधार ल्याउन पोषिलो खाना खान उत्प्रेरित र सशक्तिकरण गर्न साथै आमाहरुको मृत्यु सबै भन्दा धैरै सुत्केरी अवस्थामा हुने भएकाले सुत्केरी अवस्थामा आमाहरुको स्वास्थ्य जाँच गरी जटिलताहरु पहिचान गर्दै सो को व्यवस्थापन गर्न आमा र बच्चाको मृत्यु हुन बाट जोगाउन बान्छनीय भएकोले शारदा नगरपालिकाले **उपप्रमुख कोशेली कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८१** बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक, संक्षिप्त नाम, परिभाषा

१. संक्षिप्त नाम तथा प्रारम्भ

(क) यस कार्यविधिको नामः उपप्रमुख कोशेली कार्यक्रम संचालन कार्यविधि, २०८१ रहेको छ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

(क) "प्रमुख" भन्नाले शारदा नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ।

(ख) उपप्रमुख" भन्नाले शारदा नगरपालिकाको उपप्रमुख लाई सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले शारदा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) "नगरपालिका" भन्नाले शारदा नगरपालिका सम्झनु पर्छ।

(ङ) ‘‘प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शारदा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(च) "स्वास्थ्य शाखा" भन्नाले शारदा नगरपालिकाको स्वास्थ्य सेवा सम्वन्धी कामकाज गर्न गराउनको लागि तोकिएको शाखा सम्झनुपर्छ ।

(छ) "सरकारी स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाई लगायत स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ज) "सेवाग्राही" भन्नाले स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनु पर्छ।

(झ) "सेवा प्रदायक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालीम हासिल गरी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता सम्झनु पर्छ ।

(ञ) ‘‘वडा अध्यक्ष’’ भन्नाले शारदा नगरपालिकाका वडा अध्यक्ष सम्झनुपर्छ ।

## परिच्छेद २

## उद्देश्य र कार्यक्रमको व्याख्या

३. उद्देश्यः

(क) सुत्केरी अवस्थामा आमा तथा नवजात शिशुको जाँच गरी जटिलताका अवस्थाहरु समयमै पहिचान, व्यवस्थापन तथा प्रेषण गरी मातृ तथा शिशु मृत्यु कम गर्ने।

(ख) मातृ तथा बाल स्वास्थ्यका साथै पोषण सेवा उपलब्ध गर्न र गलत सामाजिक अभ्यासहरु तथा कुरीतिहरुको अन्त्य गर्दै बाधाहरु हटाउने ।

(ग) आमा तथा अभिभावकहरुलाई पोषण सेवाको जानकारी गराउन र सेवा लिनको लागि अभिप्रेरित गर्ने।

(घ) मातृ शिशु स्वास्थ्यमा समुदाय र स्थानीय स्वास्थ्य संस्था बीच सहकार्य बढाउने ।

(ङ) लक्षित समुदायलाई सेवा लिन अभिप्रेरित गर्न स्थानीय सरकारले जिम्मेवारी तथा अपनत्व वहन गरेको अनुभुति दिलाउने ।

(च) गरीब, जोखिममा परेका र सामाजिक रुपमा उपेक्षित बर्गको महिलाहरुलाई स्वास्थ्य सेवामा सहभागी हुने अवसर प्रदान गर्न ।

(छ) प्रजनन स्वास्थ्य एक आधारभूत स्वास्थ्य सेवा भएको र यो सवैको अधिकार भएको कुरा समुदायको लक्षित बर्गसम्म जानकारी गराउन तथा उनीहरुलाइ यसको बारेमा सचेत गराउन ।

(ज) स्वास्थ्य सेवाको उपयोगितामा वृद्धि गर्दै संस्थागत सुत्केरी सेवामा वृद्धि गर्न।

४. उपप्रमुख कोशेली कार्यक्रम भन्नालेः नगरपालिका र वडा स्तरमा संचालन हुने सबै महिला र बालबालिकासंग सम्वन्धित कार्यक्रमलाई जनाउछ, जस भित्र निम्न कार्यक्रम पर्दछन् ।

४.१ उपप्रमुख कोशेली कार्यक्रमः गर्भवती र सुत्केरीलाई लक्षित गरी स्वास्थ्य संस्थामा सुत्केरी गराउन अभिप्रेरित गर्ने उद्देश्यका साथ उपप्रमुख कोशेली कार्यक्रम लागू गरिने छ। यस कार्यक्रम अन्तर्गत सम्बन्धित वडाका स्वास्थ्य संस्था मार्फत गर्भवती र सुत्केरीले कोशेली पाउने छन् । नियम अनुसार चारपटक गर्भजाँच गरेका, स्वास्थ्य संस्थामै सुत्केरी भएका महिलाहरूलाई गेडागुडी, नुन, फलफुल, हरियो सागपात अन्डा र व्यक्तिगत सरसफाईका सामग्रीहरु कोशेलीको रुपमा दिईने छ । ग्रामीण क्षेत्रमा घरमै असुरक्षित रूपमा सुत्केरी हुने, आमा र बच्चाको स्वास्थ्यमा खासै ध्यान नदिने चलन यथावत छ। उनीहरूलाई कोसेली कार्यक्रम मार्फत यसबारेमा सचेत समेत गराइने छ ।

## परिच्छेद ३

## कार्यक्रम सञ्चालन प्रकृया र कोशेली प्रदान गर्ने तरिका

५. उपप्रमुख कोसेली कार्यक्रम सञ्चालन प्रकृयाः

५.१ पोषण कोसेली पाउने आधारहरुः

१. प्रोटोकल अनुसार ४ पटक गर्भवती जाँच गराएका, संस्थागत सुत्केरी भएका र प्रोटोकल अनुसार ३ पटक सुत्केरी जाँच गराउने महिलाहरुको हकमा मात्र यो कार्यविधि लागु हुनेछ।

२. शारदा नगरपालिकाको स्थायी बासिन्दा भई सम्बन्धित वडाको सिफारिश भएको हुनु पर्नेछ ।

३. नेपाली नागरिक भई २१ वर्ष उमेर पुरा भएकी सुत्केरी महिलालाई मात्र दिइनेछ ।

४. शारदा नगरपालिका भन्दा अन्यत्रको नागरिकता भएमा विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

५. नेपालको अन्य कुनै जिल्लाबाट बसाई सराई गरी आएका नेपाली नागरिकको हकमा बसाई सराई भएको हुनु पर्नेछ ।

६. कोशेली सेवा एक महिलाले २ पटक सम्म जिवित बच्चाका आधारमा पाउने छन् ।

५.२ आवश्यक कागजातहरुः

१. महिलाको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
२. शिशुको अस्पताल वा स्वास्थ्य संस्थाबाट प्राप्त जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपी
३. अन्य जिल्लाबाट बसाई सराई गरी आएको भए बसाई सराई प्रमाण पत्रको प्रतिलिपी
४. शारदा नगरपालिका भन्दा अन्यत्रको नागरिकता भएमो विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपी,
५. अस्पताल वा स्वास्थ्य संस्थाले उपलब्ध गराएको गभर्वती तथा नवजात शिशु सेवा कार्डको प्रतिलिपि

५.३ कोशेली प्रदान गर्ने तरिकाः

शारदा नगरपालिका अन्तर्गत अस्पताल वा प्रसुति सेवा केन्द्र रहेको स्वास्थ्य संस्थाहरुमा निवेदन दर्ता भएका प्रत्येक सुत्केरी महिलालाई एक पटकमा रु १०००/- (एक हजार मात्र) बराबरको उपप्रमुख कोशेली उपलब्ध गराइनेछ । यसरी उपलब्ध गराईने उपप्रमुख कोशेली शारदा नगरपालिकाले स्थानीय प्रसुति केन्द्र रहेको स्वास्थ्य संस्थाहरु वा आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट त्रैमासिक रुपमा नगरपालिका उपप्रमुख, वडा अध्यक्ष, स्वास्थ्य शाखा वा अन्य प्रतिनिधि मार्फत वितरण गरिनेछ ।

५.४ पोषण कोसेलीमा प्रदान गरिने सामग्रीहरुः

शारदा नगरपालिकाको कार्यालयको बजेटको परिधिमा रही प्रति सुत्केरी महिलाले स्थानीय बजारमा उपलब्ध हुने गेडागुडी, नुन, फलफुल, हरियो सागपात, अन्डा र व्यक्तिगत सरसफाइका सामग्रीहरु वितरण गरिनेछ ।

## परिच्छेद ४

## विविध

६. बाधा अडकाउ फुकाउन सक्नेः यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा अड्काउ आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

७. कार्यविधिको संशोधन तथा परिमार्जनः कार्यपालिकाको बैठकले यस कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

८. अनुसूचीमा हेरफेर तथा थपघटः कार्यपालिकाले अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

९. बाझिएमाः यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**आज्ञाले**

**ओम प्रकाश देवकोटा**

**प्रमुख प्रशासकीय अधिकृत**